# गण्डकी विश्वविद्यालय

## गण्डकी प्रदेश, नेपाल

## गण्डकी विश्वविद्यालयको रजिष्ट्रार छनोट गर्ने प्रयोजनका लागि रोष्टरमा नाम समावेश गर्नेवारे सूचना !!!

**(प्रथम पटक प्रकाशित मितिः२०७७।०६।२९)**

गण्डकी विश्वविद्यालयको उदेश्य तथा लक्ष्य पुरा गर्नकालागि यसको ऐन तथा नियमावली अनुसार रजिष्ट्रार छनोट गर्ने प्रयोजनका लागि रोष्टरमा नाम समावेश गराउन ईच्छुक व्यक्तिहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. योग्यताः ऐनको दफा २७ मा उल्लिखित तथा गण्डकी विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०७७ को नियम ४७ को (१) अनुसार (क)कम्तीमा स्नातकोत्तर गरेको र (ख) कम्तीमा १० वर्ष अनुसन्धान वा अध्यापन गरेको वा व्यवस्थापकीय पदमा कम्तीमा ५ वर्षको अनुभव भएको हुनु पर्नेछ। साथै नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी प्रमाणित नभएको र गण्डकी विश्वविद्यालयसँग कुनै किसिमको स्वार्थ नबाझिएको हुनु पर्नेछ ।

२. पेश गर्नुपर्ने कागजातः व्यक्तिगत विवरण (Curriculum Vitae) र व्यवसायिक कार्ययोजना (करिव तीन हजार शव्दमा विश्वविद्यालयको समय सापेक्ष शैक्षिक तथा प्रशासनिक व्यवस्थापन, पूर्वाधार विकास,स्रोत साधनको परिचालन, वार्षिक शैक्षिक क्यालेण्डर, समन्वय र सहकार्य, शैक्षिक तथा प्रसाशनिक अनुगमन र मूल्यांकन समेटिने गरि तयार पारेको।)

३. विद्युतीय प्रति पेश गर्नुपर्नेः ईच्छुक उम्मेदवारले विश्वविद्यालयको gandakiuniversity1@gmail.com ईमेल ठेगनामा व्यक्तिगत विवरण र व्यवसायिक कार्ययोजना पेश गर्नु पर्नेछ ।

४. विवरण पेश गर्नुपर्ने अन्तिम मितिः पहिलो पटक सुचना प्रकाशित मितिले ३० दिनभित्र (यदि सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समयमा)

५. थप जानकारिका लागिः विश्वविद्यालयको वेभसाइट https://gandakiuniversity.edu.np/ र सामाजिक विकास मन्त्रालयको वेभसाइट https://mosd.gandaki.gov.np मा र मोवाइल नं ९८५६०४४२६२ मा सम्पर्क गर्नुसक्नु हुनेछ ।